# जाँचपास पछिको परीक्षण कार्यविधि, २०७२

**लागु हुने मिति : २०७२।१०।१५**

**प्रस्तावना:** भन्सार जाँचपास पछिको परीक्षण कार्यलाई, सहज, सरल र व्यवस्थित वनाउदै जाँचपासपछिको परीक्षण कार्यमा एकरूपता कायम गरी थप प्रभावकारी बनाउन भन्सार ऐन २०६४ को दफा ९३ ले दिएको अधिकार प्रयोग गरी भन्सार विभागले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम "जाँचपास पछिको परीक्षण कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि विभागबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(२). परिभाषा: बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले भन्सार ऐन २०६४ सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले भन्सार कार्यालय र भन्सार जाँचपास परीक्षण कार्यालय सम्झनु पर्दछ ।

(ग) "छनौट समिति" भन्नाले दफा ८ बमोजिमको छनौट समिति सम्झनु पर्छ ।

(घ) "निश्चित मालवस्तुको परीक्षण (Product Audit)" भन्नाले एकै किसिमका मालवस्तुको आयात गर्ने पैठारीकर्ताले निश्चित समयमा आयात गरेका मालवस्तुसँग सम्वन्धित कागजातहरूको परीक्षण संझनुपर्दछ ।

(ङ) "नियमावली" भन्नाले भन्सार नियमावली २०६४ सम्झनु पर्दछ ।

(च) "परीक्षण" भन्नाले ऐनको दफा ३४ र नियमावलीको परिच्छेद ५ बमोजिम गरीएको जांचपास पछिको परीक्षण सम्झनु पर्दछ ।

(छ) "परीक्षक" भन्नाले परीक्षण गर्ने कार्यमा संलग्न महानिर्देशक, प्रमुख भन्सार प्रशासक, प्रमुख भन्सार परीक्षण प्रशासक, प्रमुख भन्सार परीक्षक, प्रमुख भन्सार अधिकृत, भन्सार अधिकृत, भन्सार परीक्षक समेतलाई जनाउने छ ।

(ज) "प्रज्ञापनपत्रको परीक्षण (Consignment audit )" भन्नाले एक पटकमा एउटा प्रज्ञापनपत्रवाट पैठारी भएका सम्पूर्ण मालवस्तुसँग सम्वन्धित कागजातको परीक्षण संझनुपर्दछ ।

(झ) "फर्मको परीक्षण (Firm Audit)" भन्नाले कुनै पैठारीकर्ता/फर्मवाट निश्चित अवधि वर्ष वा महिनामा पैठारी गरीएका सवै वा केही मालवस्तुसँग सम्वन्धित कागजातको परीक्षणलाई जनाउनेछ ।

(ञ) "महानिर्देशक" भन्नाले विभागका महानिर्देशक सम्झनु पर्दछ ।

(ट) "विभाग" भन्नाले भन्सार विभागलाई सम्झनु पर्दछ ।

## परिच्छेद – २
## परीक्षण सम्वन्धी व्यवस्था

### ३. परीक्षण तथा छनौटः

(१) भन्सार जाँचपास पछिको परीक्षण कार्य जाँचपास पछिको परीक्षण कार्यालय काठमाण्डौं तथा विभाग मातहतका अन्य भन्सार कार्यालयहरूबाट गरिनेछ ।

(२) विभागले एक आर्थिक वर्षमा परीक्षण सम्पन्न गर्नुपर्ने प्रज्ञापनपत्रहरू (consignments ), वा फर्महरू (Firms) वा तोकिएका मालवस्तुहरू (Products) को संख्या, परीक्षण गर्नुपर्ने अवधि तथा परीक्षणवाट थप महसुल निर्धारण गर्नुपर्ने राजस्वको लक्ष समेत तोकी कार्यालयहरूमा पठाउने छ ।

(३) परीक्षण गर्नको लागि पैठारीकर्ताको छनौट गर्दा देहायवमोजिमको सबै वा कुनै एक वा एकभन्दा बढी आधारमा छनौट गरी परीक्षण गर्न सकिनेछः

(क) कुनै एक पैठारीकर्ताको एक पटक पैठारी भएको प्रज्ञापनपत्र (Consignment Base),

(ख) पैठारीकर्ताको निश्चित अवधि वर्ष वा महिनामा पैठारी गरेका सवै वा केही प्रज्ञापनपत्रहरू (Firm Base),

(ग) कुनै मालवस्तुको पैठारी गर्ने सवै वा केही पैठारीकर्ताले निश्चित समयमा आयात गरेका प्रज्ञापनपत्रहरू (Product Base),

(घ) कुनै कम्पनीसँग सम्वन्धित अन्य सहायक कम्पनी वा कम्पनीको समूह समेतवाट पैठारी भएका मालवस्तुहरूसँग सम्वन्धित प्रज्ञापनपत्रहरू ।

(४) तोकिएको लक्ष्य वमोजिमका पैठारीकर्ता, फर्महरू वा मालवस्तुहरू वा प्रज्ञापनपत्रहरू छनौट गर्न तथा छनौटको लागि नीतिगत परामर्श दिन भन्सार विभागमा देहाय बमोजिमको एक परीक्षण छनौट समिति रहनेछ :

(क) संयोजक - उपमहानिर्देशक, भन्सार विभाग (मूल्याङ्कन शाखा हेर्ने)

(ख) सदस्य - प्रमुख भन्सार परीक्षण प्रशासक , भन्सार जाँचपास परीक्षण कार्यालय

(छ) सदस्य - निर्देशक, भन्सार विभाग, मूल्याङ्कन शाखा

समितिमा आवश्यकतानुसार विशेषज्ञ र कार्यालय वा विभागका कर्मचारीहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) परीक्षणको लागि विभागबाट तोकिएको लक्षको ५० प्रतिशत यस समितिबाट र ५० प्रतिशत कार्यालय आफैंले छनौट गर्नेछ ।

(६) कार्यालयमा परीक्षणको लागि छनौट गर्न देहाय बमोजिमको सदस्य रहेको एक समिति रहने छ :

(क) संयोजक - कार्यालय प्रमुख

(ख) सदस्य - कार्यालय प्रमुखले तोकेको भन्सार अधिकृत वा कर्मचारी

(ङ) सदस्य सचिव- कार्यालय प्रमुखले तोकेको भन्सार परीक्षक वा परीक्षण शाखा हेर्ने अधिकृत वा कर्मचारी

(७) यसरी समिति/कार्यालयले परीक्षण गर्ने प्रज्ञापनपत्र (consignment) वा फर्म वा परीक्षण अवधिहरूको छनौट गर्दा दफा ४ मा उल्लिखित आधारहरूलाई अवलम्बन गर्नुपर्ने छ ।

(८) छनौट प्रक्रियामा दोहोरोपन हटाउनको लागि जाँचपास परीक्षण कार्यालय वा सम्वन्धित भन्सार कार्यालयवाट छनौट गरिएको विवरण भन्सार विभाग तथा सम्वन्धित भन्सार कार्यालय वा जाँचपास परीक्षण कार्यालयमा पठाउनु पर्नेछ । तर एउटा प्रज्ञापनपत्र (Consignment Based) मा एकपटक छनौटमा परेको फर्म पुन फर्म वा वस्तुगत आधारमा छनौट गर्न सकिनेछ । छनौटमा दोहोरो पर्न गएमा महानिर्देशकले तोकेको कार्यालयवाट परीक्षण गरिनेछ ।

(९) परीक्षणको लागि छनौट गर्दा आसिकुडा प्रणालीको सेलेक्टिभिटी मोड्यूलबाट समेत गर्न सकिनेछ ।

(१०) उपदफा (९) वमोजिम छनौट प्रणाली बमोजिम छनौट भएका प्रज्ञापनपत्रहरूको परीक्षण जाँचपास परीक्षण कार्यालय वा महानिर्देशकले तोकेको कार्यालयवाट मात्र गरिनेछ । छनौट भएका प्रज्ञापनपत्रहरूको विवरण सम्वन्धित भन्सार कार्यालयले प्रत्येक सात दिनमा जाँचपास परीक्षण कार्यालय र विभागमा उपलव्ध गराउनु पर्नेछ ।

(११) उपदफा (९) वमोजिम छनौटमा परेका पैठारीकर्ताले तत्सम्वन्धी जानकारी पाएको १५ दिनभित्र जाँचपास पछिको परीक्षणको लागि तोकिएको कार्यालयमा कागजात सहित उपस्थित हुनुपर्नेछ ।

**४. परीक्षणको लागि छनौट गर्दा देहायका जोखिम परिसूचकहरुका आधारमा गरीनेछ।**

(क) उच्च महसुल दर भएका मालवस्तुहरू,

(ख) परिमाणात्मक बन्देज भएका मालवस्तुहरू,

(ग) राजस्व जोखिमयुक्त मालवस्तुहरू,

(घ) पैठारीकर्ताको विश्वसनीयता,

(ङ) मालवस्तु उत्पतिको मुलुक,

(च) पैठारी भएका वस्तुहरूको घोषित मूल्य तथा परिमाण,

(छ) भन्सार विन्दुहरूको परिवर्तन,

(ज) मालवस्तुको घोषणाको प्रकृति,

(झ) मालवस्तु चलान भएको देश तथा चलान भएको मिति,

(ञ) विभागका विभिन्न शाखाहरूमा रहेका तथ्याङ्कहरूको विश्लेषणको आधार,

(ट) मोडेल र ब्राण्ड अनुसार मूल्य फरक हुने वस्तुहरू,

(ठ) एकाधिकार प्रतिनिधि भएका मालवस्तुहरू,

(ड) घोषित मूल्यभन्दा विमा र भाडा वापत रकम बढी घोषणा भएका मालवस्तुहरू,

(ढ) विज्ञापन खर्च र प्रशासनिक खर्च बढी देखिएका वस्तुहरू,

(ण) आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालयहरूबाट पूर्ण कर परीक्षणको लागि छनौट गर्दा लिइने आधारहरू,

(त) भन्सार कार्यालयहरूमा लागू भएको छनौट प्रणाली (Selectivity module) बाट प्राप्त सूचना तथा तथ्यांकहरूको विश्लेषणबाट प्राप्त नतिजा,

(थ) मालवस्तुको बर्गीकरणमा देखिएका त्रुटिहरू,

(द) अधिकतम खुद्रा विक्री मूल्य प्रकाशित गर्नेगरी पैठारी भएका मालवस्तुहरू,

(ध) पटक पटक मूल्य बृद्धि भई मूल्याङ्कन पुनरावलोकन समितिमा निवेदन दिएका मालवस्तु वा फर्महरू,

(न) सम्वध्द पक्षहरू विचको कारोवार (Related Party Transaction ) अन्तरगतका मालवस्तु वा त्यस्ता पैठारीकर्ताहरू,

(प) जोखिम महसुस गरीएका अन्य आधारहरू ।

**५.** परीक्षण गर्दा परिक्षण गरीने पैठारीसँग सम्बन्धित देहाय बमोजिमका व्यक्तिहरुलाई सोधपुछ गर्न वा आवश्यक देखिएका कागजात माग गर्न सकिनेछ ।

(क) निकासी/पैठारीकर्ताहरू

(ख) भन्सार एजेन्टहरू

(ग) भण्डारण ऐजेन्टहरू,

(घ) ढुवानीकर्ताहरू,

(ङ) थोक विक्रेताहरू,

(च) खुद्रा विक्रेताहरू,

(छ) व्यापारीक मध्यस्थकर्ताहरू,

(ज) बैंक/वित्तीय संस्था र अन्य सम्बन्धित व्यक्ति तथा निकायहरू ।

## ६. परीक्षण गर्न सकिने अभिलेख र विवरणहरूः

(१) परीक्षण गर्दा देहाय बमोजिमका अभिलेख र विवरणहरू परीक्षण गर्न सकिनेछ ।

(क) पैठारी प्रज्ञापनपत्र, महसुल तिरेको रसीद,

(ख) खरीद खाता, बिक्री खाता तथा बिक्री बीजक,

(ग) परिमाण र मूल्य समेत खुलेको मौज्दात विवरण,

(घ) मालवस्तुको पैठारी र बिक्रीसँग सम्बन्धित बैकिङ्ग अभिलेख ।

(ङ) वासलात तथा नाफा नोक्सान हिसाब, अन्तिम मौज्दात विवरण र सोसँग सम्बन्धित अन्य विवरणहरू ।

(च) पैठारीकर्ताले कारोबारको विवरण कम्प्यूटर प्रणालीमा राखेको भए सो प्रणालीमा रहेका पैठारी र विक्रीसँग सम्वन्धित सवै विवरण (कम्प्यूटर प्रणाली समेत) ।

(छ) पैठारी, सञ्चय र विक्रिसँग सम्बन्धित अन्य कागजात र विवरण ।

(ज) पैठारीकर्ताले आन्तरिक राजस्व कार्यालयमा पेश गरेको कर विवरण र आय विवरण ।

(झ) क्यास बूक र लेजर ।

(ञ) पैठारीकर्ताको मौज्दातको भौतिक परीक्षण

(ठ) खर्च सम्बन्धी कागजातहरू ।

(ड) मालवस्तुको ढुवानीसँग सम्वन्धित सवै विवरण (Bill of Lading/Airway Bill/ transport documents)

(ढ) प्रतीत पत्रको कपी/बैंक स्टेटमेन्ट ।

(ण) प्रोफर्मा इन्भ्वाइस, विक्री सम्झौता

(त) अग्रिम भुक्तानी भएको भए तत्सम्वन्धी कागजात

(थ) बिमा सम्वन्धी कागजात ।

(द) प्याकिङ्ग लिष्ट ।

(ध) व्यापारीक बीजकहरू ।

(न) परीक्षण गर्न लागिएको मालवस्तुको कारोबारसँग सम्बन्धित अन्य कागजातहरू

(२) परीक्षण गर्ने प्रयोजनका लागि कार्यालयले माग गरेमा त्यस्ता विवरणहरू पैठारीकर्ताले माग गरेको १५ दिन भित्र उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद – ३
## परीक्षकको काम कर्तव्य र अधिकार

७. परीक्षकको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) दफा ६ बमोजिमका अभिलेख तथा विवरणहरूको परीक्षण गर्ने;

(ख) परीक्षण गर्दा पैठारीकर्ताको कारोवारस्थलमा वा परीक्षण गरीने अधिकृतको कार्यालयमा गर्न सकिनेछ ।

(ग) परीक्षण कार्यको सिलसिलमा कुनै विषयमा अस्पष्ट भएमा पैठारीकर्तालाई कार्यालयमा बोलाई स्पष्ट पार्न लगाउने;

(घ) पैठारीकर्ताले घोषणा गरेको मूल्यको परीक्षण गर्ने प्रयोजनका लागि निजले पैठारी गरी विक्रि गरेको मालवस्तुको खुद्रा तहसम्मको कारोबारको अभिलेख परीक्षण गर्न सक्ने ।

(ङ) बैंक, वित्तीय संस्था एवं पैठारीकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै ब्यक्ति वा निकायबाट सम्बन्धित पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैंक खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बीजक र यस्तै अन्य कागजात माग गर्न सक्ने;

(च) पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको मूल्य यथार्थ हो वा होइन भन्ने कुरा निश्चित गर्नका लागि ऐनको दफा १३ मा उल्लेख भए बमोजिमका मूल्यांकनका सबै वा कुनै तरीका अवलम्बन गरी त्यस्तो मालवस्तुको मूल्य कायम गर्ने,

(छ) मालवस्तुको घोषणा फरक पारी पैठारी गरेको देखिएमा ऐन बमोजिमको जरिवाना गर्ने ।

(ज) परीक्षणबाट देखिएको विवरण सहित अनुसूची–१ मा संलग्न प्रतिवेदन तयार गरी कार्यालय प्रमुख समक्ष पेश गर्ने ।

(झ) पैठारीकर्ताले निर्णयको प्रतिलिपि माग गरेमा नियमावलीको नियम ५९ बमोजिम तोकिएको दस्तुर लिई कार्यालयबाटै उपलब्ध गराउने ।

(ञ) पैठारीकर्तासँग पैठारीसँग सम्बन्धित अन्य आवश्यक कागजात र आवश्यक भएमा मालवस्तुको नमूना समेत परीक्षण प्रयोजनको निम्ति माग गर्ने,

(ट) पैठारीकर्ताको मौज्दातमा रहेको परीक्षण गरीने मालवस्तुको नमूना पैठारी प्रज्ञापनपत्र तथा खरिद विक्री खाता वा विक्री वीजकसँग भिडान गर्ने र आवश्यक परेमा त्यस्तो नमूना खरिद गर्ने ।

## परिच्छेद – ४
## परीक्षण कार्य सम्पादन

**८. परीक्षण योजना (Post Clearance Audit Plan) :**

(१) परीक्षण कार्य गर्नुभन्दा अगाडि परीक्षण कार्य सहज किसिमले सम्पादन गर्न कार्यालयले निम्न अनुसारका कार्यहरु गर्नुपर्दछ ;

(क) विभागबाट तोकिएको लक्ष्यलाई कार्यालयले मासिक रूपमा विभाजन गरी परीक्षण गर्ने,

(ख) परीक्षणका लागि छनौट भएका मालवस्तु वा पैठारीकर्ताको परीक्षण कार्य कसरी सम्पन्न गर्ने भन्ने योजना बनाउने, जस्तैः के गर्ने, कहाँ गर्ने, कसले कहिले किन गर्ने, कसरी गर्ने आदि

(ग) परीक्षण कार्यको लागि परीक्षण टिम बनाउने,

(घ) परीक्षणको लागि छानिएका मालवस्तुसँग सम्बन्धित आवश्यक सूचना तथा कागजातहरू विभाग र सम्बन्धित भन्सार कार्यालयहरूबाट संकलन गरी अध्ययन गर्ने,

(ङ) परीक्षणका लागि छानिएका पैठारीकर्ताहरूलाई परीक्षण गर्ने विषयको सूचना अनुसूची ५ बमोजिमको ढाँचामा उपलब्ध गराउने,

(२) पैठारीकर्ताहरूलाई परीक्षण गर्न लागिएको विषयमा सूचना दिंदा देहायका विषयहरू समेट्नु पर्दछ ।

(क) परीक्षण गर्न लागिएको मालवस्तुसँग सम्बन्धित सम्पूर्ण विवरण,

(ख) परीक्षण गर्ने स्थान,

(ग) परीक्षणे गर्ने समय र मिति,

(घ) पैठारीकर्ताले जुटाउनु पर्ने कागजातहरू र विवरणहरू,

(ङ) अन्य आवश्यक देखिएका विषयहरू,

**९. <u>परीक्षण कार्यको संचालन</u>**

(१) परीक्षकले निम्न विषयलाई प्राथमिकता दिई परीक्षण गनुपर्नेछ ;

(क) पैठारीकर्तासँग कारोबारको विषयमा छलफल तथा अन्तरक्रिया गर्ने ।

(ख) पैठारीकर्ताको कारोबार स्थलमा गई वा परीक्षकको कार्यालयमा नै पैठारी सम्बन्धी सम्पूर्ण विवरणहरू मगाई परीक्षण गर्ने ।

(ग) पैठारीकर्तासँग आवश्यक कागजात वा अभिलेख माग गर्ने

(घ) कागजातबाट स्पष्ट हुन नसकिएका विषयमा वा थप जानकारीको लागि सोधपुछ गर्ने वा बयान लिने ।

(ङ) निजको लेखा प्रणालीको अध्ययन गर्ने ।

(च) Consignments सँग सम्बन्धित सम्पूर्ण कागजातको परीक्षण गर्ने ।

(छ) आवश्यक देखिएमा गोदाममा गई भौतिक परीक्षण गर्ने ।

(ज) खुद्रा मूल्य र थोक मूल्यको जानकारी लिने ।

(झ) लागत मूल्य, थोक मूल्य र खुद्रा मूल्य बिचमा तुलना गर्ने ।

(ञ) आवश्यक देखिएमा खुद्रा तहसम्मको परीक्षण गर्ने ।

(ट) आवश्यक देखिएमा पैठारीसँग सम्बन्धित अन्य निकाय तथा व्यक्तिबाट कारोबारसँग सम्बन्धित विवरण माग गर्ने ।

(२) परीक्षण गर्दा देहायका विषयहरू सुनिश्चित गर्नुपर्दछ ;

(क) पैठारीकर्ताले ऐन तथा नियमहरूको पूर्ण पालना गरेको छ /छैन ?

(ख) पैठारीकर्ताले आफ्नो खरीद खातामा देखाएको खरीद मूल्य र कार्यालयमा घोषणा गरे अनुसारको मूल्यमा एकरूपता छ/छैन ?

(ग) निजले भन्सार विन्दुसम्म ल्याउँदा लाग्ने खर्चहरू वापत कार्यालयमा देखाएको रकम र अभिलेखमा देखाएको रकममा एकरूपता छ/छैन?

(घ) कार्यालयमा घोषणा गरेको सामानको परिमाण र स्टक खातामा उल्लेख गरेको वस्तुको परिमाण मिल्छ/ मिल्दैन ?

(ङ) मालवस्तुको नापमा हुने फरक । जस्तैः भन्सार कार्यालयमा कुनै सामान केजीमा घोषणा गरी आफ्नो स्टक खातामा मिटरमा वा गोटामा अभिलेखबद्ध गर्ने तथा बीजक पनि मिटरमा नै जारी गर्ने जस्ता कार्यहरू भएको देखिन आएमा यस बारेमा थप छानविन गरी यकिन गर्ने ।

(च) मालवस्तु पैठारी गर्दा मालवस्तुको सम्पूर्ण विवरण खुलाइ स्पष्ट घोषणा गर्नु पर्दछ । तर मालवस्तुको स्पष्ट रूपमा प्रकृति, ब्राण्ड, मोडेल, क्षमता, गुणस्तर, मूल्य आदि नखुलाई पैठारी गरेको छ भने कस्ता प्रकृतिका सामान पैठारी भएको हो यकिन गर्नु पर्दछ । मालवस्तुको विवरण स्पष्ट नखुलाइएको अवस्थामा ऐन नियमानुसारको जरिवाना गरेको छ छैन हेर्नुपर्दछ ।

(छ) कुनैपनि मालवस्तुको उत्पत्तिको मुलुकले मूल्यमा फरक पार्ने भएकोले सामानको उत्पत्तिको मुलुक सही छ छैन यकिन गर्नु पर्दछ । जस्तै विभिन्न देशमा उत्पत्ति भएका श्रृंगार सामग्री पैठारी भएको भएता पनि Country of Origin मा कुन कुन सामान कुन कुन देशमा बनेको हो नछुट्याइ एकमुष्ट देश उल्लेख गरेको हुन सक्दछ ।

(ज) प्रतीतपत्रका शर्तहरू के के छन र शर्त अनुसार मालवस्तु आयात भएको छ छैन सो हेर्नुपर्दछ ।

(झ) Bill of Lading र Airway Bill मा उल्लेख गरेको सामानको विवरण अनुसार बीजक, प्याकिङ्ग लिष्टमा उल्लेख भएको छ छैन सो हेर्नु पर्दछ ।

(ञ) बीमा धेरै रकमको गरेको छ तर सामानको मूल्य कम घोषणा गरेको छ भने त्यहाँ पनि केही कैफियत हुन सक्ने भएकोले त्यस्तो के कारणले भएको हो सोको निर्क्यौल गर्नुपर्दछ ।

(ट) सामान एउटै प्रकृतिको भनेर घोषणा गरी आयात गर्ने तर मौज्दात खातामा विभिन्न प्रकृतिको भनी फरक फरक मूल्य उल्लेख गरी विवरण राखेको छ भने त्यहाँ पनि केही कैफियत हुन सक्ने भएकोले त्यस्तो के कारणले भएको हो सोको निर्क्यौल गर्नुपर्दछ ।

(ठ) प्याकिङ्ग लिष्टबाट पनि सामानको प्रकृति खुल्ने भएकोले यसलाई पनि विशेष ध्यान दिनुपर्दछ । साथै सामानको प्याकिङ्गको प्रकृतिको पनि विश्लेषण गर्नुपर्दछ ।

(ड) विक्रि बीजकहरूबाट सामान के कतिमा बेचेको छ र बिक्री खातामा कसरी अभिलेखबद्ध गरेको छ सो हेर्नु पर्दछ ।

(ढ) मालवस्तु सहि तरिकाले वर्गिकरण गरी भन्सार दरबन्दि लगाएको छ/ छैन सोको यकिन गर्नुपर्दछ ।

(ण) विद्यमान ऐन कानूनले असुल गर्नुपर्ने भनी तोकेका कर तथा शुल्कहरू असुल भएको छ/छैन सो समेत यकिन गर्नुपर्दछ ।

(त) पैठारीकर्ताले खरीद मूल्य र विक्रि मूल्य बिचको अन्तरबाट प्राप्त नाफा अनुसार आन्तरिक राजस्व कार्यालयमा कर विवरण बुझाएको छ /छैन सो परीक्षण गर्नुपर्दछ । पैठारीकर्ताले आफ्नो नाफा वापत बढि मार्जिन परीक्षणको क्रममा देखाउने तर कम रकमको कर तिरेको छ भने त्यसलाई मान्यता दिनु हुंदैन ।

(थ) पैठारीकर्ताको नगद प्रवाह विवरण, बैंक खाता, लेजर जस्ता अभिलेखहरूबाट कारोबारको सम्बन्धमा स्पष्ट चित्र देखिने हुंदा सोको गहिरिएर परीक्षण गर्नुपर्दछ ।

(द) मालवस्तुको उत्पत्ति भएको मुलुक, चलान भएको मुलुक र बीजक बनेको मुलुक समेतको यकिन गर्नुपर्दछ ।

(ध) मालवस्तुको बीजक बनेको मिति, सिपमेन्ट भएको मिति र भन्सार कार्यालयमा आइपुगेको मितिको समेत विश्लेषण गर्नुपर्दछ ।

(न) पैठारीकर्ताले पैठारी गरी ल्याएको लागत मूल्य र निजले बेचेको थोक मूल्य बिच तुलना गर्नुपर्दछ । लागत मूल्य निम्न अनुसार निकाल्न सकिन्छ ।

**लागत मूल्य निर्धारण गर्ने तरिकाः**

| | |
|---|---|
| पैठारीकर्ताले भन्सार विन्दुमा घोषणा गरेको प्रतिईकाई मूल्य | ××××× |
| भन्सार विन्दुमा तिरेको भन्सार महसुल | ××××× |
| | ××××× |
| भन्सार विन्दुमा तिरेको अन्य करहरु (मू.अ.कर बाहेक) | ××××× |
| भन्सार कार्यालयमा भएको लोड अनलोडिङ्ग लगायतका अन्य खर्चहरू | ××××× |
| **भन्सार विन्दुसम्मको कुल लागत** | **×××××** |
| गोदामसम्म ल्याउँदाको ढुवानी भाडा | ××××× |
| गोदामसम्म ल्याउदाको बीमा तथा अन्य खर्चहरु | ××××× |
| **गोदामसम्म ल्याउँदाको लागत** | **×××××** |
| गोदाम भाडा | ××××× |
| बैंक ब्याज र अन्य कमिशन | ××××× |
| विक्रि वितरणका लागि लाग्ने सम्पूर्ण खर्चहरु (प्रवर्द्धन खर्च समेत) | ××××× |
| **प्रति इकाई कुल लागत** | **×××××** |

लागत मूल्यमा पैठारीकर्ताको नाफा प्रतिशत जोडेपछि थोक मूल्य कायम गरीनेछ । यस्तो मूल्य कायमगरेपछि लागत मूल्यसँग तुलना गर्नुपर्दछ । निजले देखाएको मार्जिन बराबर आयकर तिरेको छ छैन सोको परीक्षण गर्नुपर्दछ ।

(प) पैठारीकर्ताले बेचेको प्रकृतिको सामानको बजारमा खुद्रा मूल्यको जानकारी लिनु पर्दछ । खुद्रा मूल्यको जानकारी लिंदा सम्भव भएसम्म पैठारीकर्ताले बेचेको विक्री माध्यमबाट नै खुद्रा तहसम्म पुगि खुद्रा मूल्यको जानकारी लिनु पर्दछ । यस्तो जानकारी पैठारीकर्ताले बीजकमा उल्लेख गरेका क्रेताहरूको फर्ममा गई लिंदा पैठारीकर्ताले बिक्री गरेको सामान नै हुनसक्छ । यसरी बजारमा थोक मूल्य, लागत मूल्य र खुद्रा मूल्यको बीचमा ठूलो भिन्नता पाइएमा न्यून बीजकीकरण गरी सामान आयात भएको हुन सक्ने भएकोले यथार्थ कारोबार मूल्य पहिचान गर्न ऐनको दफा १३ को उपदफा (१०) बमोजिम Deductive Value Method अपनाएर गणना गरेमा यथार्थ कारोबार मूल्य पत्ता लगाउन सकिन्छ । Deductive Value Method बाट निम्न अनुसारको प्रकिया बाट कारोबार मूल्य गणना गर्न सकिन्छ;

| | |
|---|---|
| मालवस्तुको प्रति इकाई खुद्रा मूल्य (मू.अ.कर बाहेक | ××××× |
| खुद्रा विक्रेताको नाफा र बिक्रीका लागि लाग्ने खर्चहरु | (×××××) |

| | |
|---|---|
| **थोक मूल्य** | xxxxx |
| थोक बिक्रेताको नाफा तथा बिक्रीवितरणका लागि लाग्ने खर्चहरु | (xxxxx) |
| **पैठारीकर्ताको बिक्री मूल्य** | xxxxx |
| पैठारीकर्ताको नाफा | (xxxxx) |
| बैंक ब्याज तथा कमिशन | (xxxxx) |
| पैठारीकर्ताको बिक्री वितरण सम्बन्धी लाग्ने सम्पूर्ण खर्चहरु | (xxxxx) |
| गोदामसम्म ल्याउँदाको ढुवानि खर्च लगायत अन्य खर्चहरु | (xxxxx) |
| **भन्सार विन्दुसम्मको कुल लागत** | xxxxx |
| भन्सारमा लोड अनलोडिङ्ग तथा अन्य खर्चहरू | (xxxxx) |
| भन्सार बिन्दुमा तिरेको करहरु (मु.अ.कर बाहेक) | (xxxxx) |
| **प्रति इकाई कारोबार मूल्य** | xxxxx |

यस्तो मूल्य पत्ता लगाउनको लागि खुद्रा विक्रेता, थोक विक्रेता लगायत सम्बन्धित निकायहरूको अभिलेखहरू निरीक्षण गर्नुको साथै बैंक, वित्तीय संस्था लगायत निकायहरूसँगबाट आवश्यक विवरण मगाउन पनि सकिन्छ ।

(फ) पैठारीकर्ताको यथार्थ कारोबार मूल्य निश्चित गर्नको लागि परीक्षणको क्रममा ऐनको दफा १३ मा उल्लेख भए बमोजिमका मूल्यांकनका सबै वा कुनै तरीका अवलम्बन गरी त्यस्तो मालवस्तुको मूल्य कायम गर्न सकिन्छ ।

(ब) परीक्षकले परीक्षण गर्ने सिलसिलामा आवश्यक देखेका अन्य विषयहरूको समेत अध्ययन गर्न सकिन्छ ।

१०. **<u>परीक्षण प्रतिवेदनको तयारी</u>** :

परीक्षण सम्पन्न भएपछि देहायका विवरण सहित परीक्षण प्रतिवेदन तयार गर्नुपर्दछ ।

(क) परीक्षणबाट देखिएका कैफियतहरूको सूची बनाउने ।

(ख) परीक्षणमा देखिएका कैफियत सम्बन्धमा पैठारीकर्तासँग छलफल गर्ने र आवश्यक देखिएमा कैफियत देखिएका विषयमा छलफल गरी लिखित रूपमा प्रमाण समेत माग गर्ने ।

(ग) पैठारीकर्तालाई कैफियत देखिएका विषयमा जानकारी दिंदा के के कैफियत देखियो र सोवापत निजलाई के कस्तो कारवाई गरीन लागेको हो सो समेतको जानकारी दिने ।

(घ) परीक्षणको क्रममा ऐन अनुसार असुल गर्नुपर्ने देखिएको रकम र जरिवाना गर्नुपर्ने देखिएको रकमको यकिन गर्ने ।

(ङ) आफ्नो माथिल्लो पदाधिकारीसँग परीक्षणबाट देखिएका विषयहरूमा छलफल गरी निर्णयमा पुग्ने ।

(च) अनुसूची-१ वमोजिमको ढाचामा प्रतिवेदन तयार गर्ने ।

(छ) निर्णय भएपछि कैफियत देखिएका विषयहरूको कार्यान्वयन गर्ने ।

११. **<u>परीक्षण प्रतिवेदनको प्रस्तुती</u>**

(१) परीक्षण प्रतिवेदनमा देहायका विवरण उल्लेख हुनुपर्दछ ;

(क) पैठारीकर्ताको विवरण ।

(ख) परीक्षण सम्बन्धी Consignment को विषयवस्तु ।

(ग) परीक्षण सम्बन्धी अन्य विवरणहरू ।

(घ) मूल्य घोषणा सम्बन्धी विवरण ।

(ङ) परीक्षणबाट देखिएका विषयहरू जस्तै :-

(अ) घोषणा सम्बन्धि विवरण ।

(आ) इकाई मूल्यमा भएका फरकहरू

(इ) विनिमय दर फरक सम्बन्धि विषयहरू

(ई) घोषणामा फरक वर्गीकरण भएका विषयहरू ।

(उ) कारोबार खर्चमा फरक भएका विषयहरू ।

(ऊ) विद्यमान ऐन कानूनको कार्यान्वयन नभएका विषयहरू ।

(च) रकम असुल गर्नुपर्ने विषयहरू ।

(छ) परीक्षण कार्य सम्पादन गर्न सुधार गर्नुपर्ने देखिएका विषयहरू ।

(ज) ब्यापारिक छल सम्बन्धी अन्य विषयहरू ।

(झ) अन्य आवश्यक देखिएका विषयहरू ।

(२) परीक्षण सम्पन्न भएको ७ दिनभित्र अनुसुचि १ मा उल्लेखित नमूना अनुसारको परीक्षण प्रतिवेदन तयार गरी कार्यालय प्रमुखसमक्ष पेश गर्नुपर्दछ ।

१२. **परीक्षण प्रतिवेदनको कार्यान्वयन तथा अनुगमन**

(१) परीक्षण प्रतिवेदन कार्यालय प्रमुखबाट स्वीकृत भएको ३ दिनभित्र थप महसुल निर्धारण गर्नपर्ने भए सो समेत प्रस्ताव गरी परीक्षण प्रतिवेदनको आधारमा पैठारीकताबाट थप राजस्व वा जरिवाना दाखिला गर्नुपर्ने देखिएमा उक्त निर्णय हुनुनपर्ने कुनै ठोस प्रमाण वा आधार भए प्रश्तुत गर्नका लागि अनुसूची २ बमोजिमको ढांचामा १५ दिनको म्याद दिई सम्वन्धित पैठारीकर्तालाई सूचना दिने ।

(२) थप महसुल निर्धारण गर्नु नपर्ने भए परीक्षण प्रतिवेदनको आधारमा पैठारीकर्तालाई परीक्षण सम्पन्न भएको जानकारी दिने ।

(३) उपदफा (१) अनुसार प्रेषित भएको सूचनाका सम्वन्धमा पैठारीकताले जवाफ दिएमा सो जवाफ प्राप्त भएको मितिले र जवाफ पेश नगरेमा पेश गर्ने म्याद समाप्त भएको मितिले सात दिनभित्र अनुसूची ३ वमोजिमको ढांचामा निर्णय पर्चा तयार गर्ने ।

(४) निर्णय पर्चा खडा भएको ३ दिनभित्र सम्बन्धित पैठारीकर्तालाई ३५ दिनभित्र महसुल दाखिलाको लागि अनुसूची ४ बमोजिमको ढांचामा महसुल निर्धारण आदेश जारी गर्ने ।

(५) दाखिला गर्नुपर्ने रकम निर्धारित समयमा दाखिला गरे/नगरेको अनुगमन गर्ने

(६) जाँचपासपछिको परीक्षणबाट असुल उपर गर्न आवश्यक ठहर भएको रकम दाखिला गर्न पैठारीकर्ताले अटेर गरेमा विभाग समेतको सहयोग लिई कारोवार रोक्का राख्ने, आन्तरिक राजस्व कार्यालय, भन्सार कार्यालय लगायत अन्य सम्बन्धित निकायमा पत्राचार गर्ने र यसरी रोक्का राख्ने लेखी आएमा भन्सार कार्यालयहरूले रोक्का राख्नु पर्ने ।

(१३) **प्रगति प्रतिबेदन पठाउने**

(१) कार्यालयबाट भएको परीक्षण प्रतिवेदन प्रत्येक महिना समाप्त भएको ५ दिनभित्र बिभागमा पठाउनु पर्नेछ ।

(२) जाँचपासपछिको परीक्षणबाट थप महसुल निर्धारण भएकोमा जाँचपास परीक्षण कार्यालयबाट परीक्षण भएकोमा सम्वन्धित भन्सार कार्यालय तथा आन्तरिक राजस्व कार्यालयलाई समेत जानकारी दिने । भन्सार कार्यालयहरूवाट परीक्षण भएकोमा सम्वन्धित भन्सार आन्तरिक राजस्व कार्यालय तथा जाँचपास परीक्षण कार्यालयलाई समेत जानकारी दिने ।

(३) परीक्षण गर्दा अस्वभाविक रुपमा न्यून बीजकीकरण वा अधिकन बीजकीकरण भएको पाइएमा सोको विवरण सम्पत्ति शुद्धिकरण नियन्त्रण सम्बन्धी आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

(१४) **<u>पुनरावेदन सम्वन्धी व्यवस्था</u>**

(१) कार्यालयबाट भएको थप महसुल निर्धारण सम्बन्धी अन्तिम निर्णयउपर चित्त नबुझेमा भन्सार ऐन, २०६४ को दफा ६१ बमोजिम ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने व्यहोरा समेत पैठारीकर्तालाई जानकारी गराउने ।

(२) पैठारीकर्ताले निर्णयको प्रतिलिपि माग गरेमा नियमावलीको नियम ५९ बमोजिम माग गरेको प्रतिलिपि उपलब्ध गराउने ।

## परिच्छेद – ५
## संयुक्त परीक्षण

**१५. संयुक्त परीक्षणको लागि विभागले समन्वय गर्ने**

(१) परीक्षणको क्रममा कुनै पैठारीकर्ताको कारोवार संकास्पद देखिएमा वा उक्त कारोवारवाट राजस्व जोखिम छ र त्यसको परीक्षण संयुक्त रुपमा गर्नुपर्ने देखिएमा विभाग समक्ष सिफारीस गर्ने ।

(२) उपदफा (१) वमोजिम सिफारीस भै आएमा विभागले अन्य विभागसंग समन्वय गरी संयुक्त परीक्षण गर्न आवश्यक निर्णय गर्न सक्नेछ ।

## परिच्छेद– ६
## विविध

**१६. आवश्यक सहयोग लिन सक्ने**

(क) परीक्षण कार्यको सिलसिलामा कुनै सहयोग आवश्यक भएमा अर्थ मन्त्रालय, राजस्व अनुसन्धान विभाग आन्तरिक राजस्व विभाग र अन्य निकायहरूसँग सहयोग लिन सकिनेछ।

(ख) वस्तु बर्गीकरण सम्बन्धी वा अन्य कुराहरूमा द्विविधा भएमा भन्सार विभागसँग आवश्यक राय वा पूर्व स्वीकृति लिन सकिने छ।

१७. **बाझिएमा गर्ने** :

यस निर्देशिकामा उल्लेख भएका कुराहरू ऐन तथा नियमावलीसँग वाझिएमा ऐन तथा नियमावली अनुसार नै हुनेछ।

१८. **खारेजी र वचाउः**

(१) जाँचपास पछिको परीक्षण कार्यविधि, २०६६ खारेज गरीएको छ।

(२) जाँचपास पछिको परीक्षण कार्यविधि, २०६६ बमोजिम भए गरेका काम कारवाहीहरू यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ।

**अनुसूची– १**

(कार्यविधिको दफा ११ सँग सम्बन्धित )

परीक्षण प्रतिवेदनको नमूना

नेपाल सरकार

अर्थ मन्त्रालय

## भन्सार विभाग

. . . . . . . . . . .कार्यालय

**जाँचपास पछिको परीक्षणको प्रतिवेदन**

भन्सार ऐन, २०६४ को परिच्छेद - ८ को दफा ३४ बमोजिम संलग्न गरीएको जाँचपास पछिको परीक्षण प्रतिवेदन :

१. **छनौट भएको आयातकर्ताको विवरण**

क) नाम :

ख) ठेगाना :

ग) स्थायी लेखा नम्बर :

घ) मुख्य व्यवसाय धनी वा जिम्मेवार व्यक्तिको नाम ठेगाना :

ङ) व्यवसायसँग निजको सम्बन्ध :

च) भन्सार एजेन्टको नाम तथा इजाजत पत्र नं. :

छ) परीक्षणको किसिमः प्रज्ञापनपत्र / फर्म / मालवस्तु

ज ) परीक्षणको अवधिः

२. **परीक्षणको बिषयवस्तु**

क) आयात प्रज्ञापनपत्र दर्ता नम्बर :

ख) आयात भएको मिति :

ग) आयात गरीएको भन्सार कार्यालय :

घ) सिपमेण्ट भएको मुलुक र सिपमेण्ट मिति :

ङ) प्रतीतपत्र नम्बर, मिति :

सम्बन्धित बैंकको नाम ठेगाना :

च) प्रतीतपत्र खोलिएको रकम र मुद्रा :

छ) आपूर्तिको सर्त : CIF/FOF/CNF

ज) आपूर्तिकर्ताको नाम ठेगाना :

झ) विजक नम्बर र मिति :

ञ) सामानको मुख्य विवरण :

ट) कुल विजक मूल्य र मुद्रा :

ठ) सामान पुगेको स्थल :

३. **परीक्षणको प्रारम्भिक विवरण**

क) परीक्षणको गराउने व्यक्तिको नाम :

ख) परीक्षितसँगको सम्बन्ध :

ग) टेलिफोन नम्बर :

घ) परीक्षण गरीएको स्थान र मिति :

अ) प्रज्ञापनपत्रमा उल्लेखित सम्पूर्ण वस्तुको :

आ) कुनै एउटा मात्र वस्तुको ☐ (नाम खुलाउने) :

इ) आंशिक रूपमा केही वस्तुको ☐ (नाम खुलाउने) :

च) आयात-विवरण खरीद खातामा आम्दानी बाँधेको छ / छैन । छ

छ) विक्री - विवरण विक्री खातामा चढाएको छ / छैन । छ

४. **<u>मूल्य सम्बन्धी विवरण</u>**

(क)

| | | | |
|---|---|---|---|
| १. | वस्तुको विवरण | | |
| २. | परिमाण | | |

(ख)

| | | | |
|---|---|---|---|
| ३. | सि.आई.एफ. कलकत्तासम्मको मूल्य | | |
| ४. | कलकत्ता देखि भन्सार विन्दुसम्मको खर्च | | |
| ५. | पार्टीले घोषणा गरेको मूल्य | | |
| ६. | भन्सारले कायम गरेको मूल्य | | |
| ७. | भ्याट वाहेक भन्सार विन्दुसम्मको कुल लागत (विजक अनुसार प्रति ईकाई | | |
| ८. | भन्सार विन्दुसम्मको प्रति इकाई लागत | | |
| ९. | भन्सार विन्दुबाट थोक विक्रीको लागि लागेको र लाग्ने अन्य सम्पूर्ण खर्चहरू (प्रति इकाई) | | |
| १०. | कुल लागत प्रति इकाई (विजकलाई आधार मान्दा) | | |
| ११. | थोक विक्री मूल्य (प्रति इकाई) | | |
| १२. | खुद्रा विक्री मूल्य (प्रति इकाई) | | |

(ग)

| | | | |
|---|---|---|---|
| १३. | प्रतिशत परिवर्तन (१० को तुलनामा ११) | | |
| १४. | प्रतिशत परिवर्तन (१० को तुलनामा १२) | | |
| १५. | प्रतिशत परिवर्तन (११ को तुलनामा १२) | | |

**५. <u>छलफल तथा प्राप्त प्रमाण पत्र हेरिएको हिसाव किताब, खाता र विक्री वील सम्बन्धी विवरण :</u>**

भन्सार ऐन, २०६४ को परिचछेद ८ को दफा ३४ बमोजिम यस विभाग वा कार्यालयको मिति २०६५/ / को निर्णय अनुसार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको प्रस्तुत फर्मको निम्न अनुसारका कागजातहरू परीक्षण तथा अध्ययन गरीयो ।

(क) आयात प्रज्ञापन पत्र

(ग) Proforma Invoice

(घ) Bill of Lading / Airway Bill

(ङ) Insurance सम्बन्धी कागजात

(च) LC कपी

(छ) ढुवानी भाडाको बिल

(ङ) निजको Costing विवरण

(च) खरीद खाता

(छ) बिक्री खाता

(ज) स्टक खाता

(झ) बिक्री बीजकहरू

(ञ) प्याकिङ्ग लिष्ट

(ट) गत आ.व.को वासलात तथा नाफा नोक्सान हिसाब र सो सँग सम्बन्धित विवरण

(ठ) उल्लेखित पैठारीको सम्बन्धमा पैठारीकर्ताको तर्फबाट यस विभाग वा कार्यालयमा मिति . . . . . . . मा दिनु भएको बयान

**६. परीक्षणको क्रममा देखिएका विवरणहरू :**

माथि सि.नं. ५ मा उल्लेखित कागजातहरू तथा पैठारीकर्ताको तर्फबाट . . . . . . . . . . ले दिनुभएको बयान समेत अध्ययन गर्दा प्रस्तुत फर्म /मालवस्तु /Consignment सम्बन्धमा निम्न अनुसार भएको देखिन्छ ।

(क) . . . . . .

(ख) . . . . . . .

**७. परीक्षकको निस्कर्ष तथा राय :**

परीक्षण गर्ने अधिकृतहरूको दस्तखत

| | | |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| दर्जा | दर्जा : | दर्जा : |
| मिति : | मिति : | मिति : |

भन्सार ऐन, २०६४ को परिच्छेद ८ को दफा ३४ को उपदफा (२) अनुसार गर्न सम्बन्धित भन्सार कार्यालयमा वा शाखामा पठाउन स्विकृत दिने :

दस्तखत :

नाम :

दर्जा :

मिति :

## अनुसूची – २
### (कार्यविधिको दफा १३(१) सँग सम्बन्धित)

**मिति :.......................**

**विषय :- सबुद प्रमाण पेश गर्ने सम्बन्धमा ।**

श्री ...................................
पैठारीकर्ताको नाम .....................................
स्थायी लेखा नं. ...................................  ठेगाना ..........................................

तपाईले ......................... भन्सार कार्यालयको प्रज्ञापन पत्र दर्ता नं. ................ मिति .........................

बाट भन्सार जाँचपास गराई पैठारी गर्नुभएको ....................... माल वस्तुको सम्बन्धमा भन्सार जाँचपास परीक्षण गर्न छनौट भई यस कार्यालयबाट खटिएको परीक्षण टोलीले पेश गरेको प्रतिवेदन अनुसार तपसिल बमोजिम कैफियत देखिन आएकोले सो कैफियतका सम्बन्धमा विद्यमान आर्थिक ऐन, भन्सार ऐन र भन्सार नियमावली बमोजिम निम्न बमोजिम थप महसुल निर्धारण गर्नुपर्ने देखिंदा सो थप महसुल निर्धारण गर्न नपर्ने कुनै ठोस आधार, प्रमाण वा कारण भए यो सूचना प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालय वा परीक्षण टोली समक्ष पेश गर्नुहोला अन्यथा प्रचलित कानून बमोजिम महसुल निर्धारण भई आउने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१.
२.
३.
४.
५.

_______________
भन्सार परीक्षक/भन्सार अधिकृत

## अनुसूची – ३

(कार्यविधिको दफा १३(३) सँग सम्बन्धित)

## निर्णय पर्चाको नमूना

**............कार्यालय ...........का प्रमुख भन्सार परीक्षण प्रशासक / प्रमुख भन्सार अधिकृत / भन्सार अधिकृत श्री.................बाट स्थायी लेखा नम्बर ........... भएका पैठारीकर्ता श्री ....................को महसुल निर्धारण सम्बन्धमा खडा गरीदिएको निर्णय पर्चा**

---

प्रस्तुत पैठारीकर्ताले ........*जाँचपास भएको भन्सार कार्यालयको नाम)* को प्रज्ञापनपत्र नं. ....... मिति ............... अनुसार पैठारी गरी ल्याएका मालवस्तु .................................... को सम्बन्धमा श्री भन्सार विभाग/यस कार्यालयको मिति ...........को निर्णयवाट भन्सार जाँचपास पछिको परीक्षण गर्न यस कार्यालयको च.नं .......... मिति .............को पत्रबाट यस कार्यालयको परीक्षण टोलीले प्रस्तुत Consignment को भन्सार जाँचपास पछिको परीक्षण सम्पन्न गरी मिति .......... मा सबुत प्रमाण पेश गर्ने सम्बन्धको अन्तिम मौकाको पत्रमा देहायका कैफियत बमोजिम पैठारीकर्तालाई थप महसुल ( भन्सार महसुल, थप महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर समेत) रू. ................निर्धारण गर्नुपर्ने र सो महसुल निर्धारण गर्नु नपर्ने भए सबुत प्रमाण पेश गर्न सूचना जारी गरीएको रहेछ ।

..............................................................

*(सबुत प्रमाण पेश गर्ने व्यहोरा खुलेको सूचना)*

...................................................................

पैठारीकर्ताले उपरोक्त बमोजिमको सूचना मिति ........मा बुझिलिई मिति ........मा सोको जवाफ पेश गरेको पाइयो । उक्त मितिमा पेश भएको जवाफ अध्ययन गर्दा *(थप महसुल तथा जरिवाना निर्धारण हुनु पर्ने/नपर्ने भनी जिकिर लिए/नलिएको, तर ठोस सबुत प्रमाण संलग्न गरी पेश गरे/नगरेको आधारमा निज पैठारीकर्ताको थप महसुल निर्धारणमा हेरफेर गर्नुपर्ने/नपर्ने व्यहोरा)* स्पष्ट खुलेको विवरण । अतः पैठारीकर्तालाई सबुत प्रमाण पेश गर्नका लागि दिएको मिति .... को अन्तिम मौकाको पत्रमा उल्लेख भए अनुसार **रू**....../- महसुल निर्धारण गर्ने गरी यो निर्णय पर्चा खडा गरीदियाँ । अरू तपसिल बमोजिम गर्नु ।

**तपसिल**

१. पैठारीकर्तालाई माथि उल्लिखित आधारमा थप भन्सार महसुल समेत **रू**....../- (**अक्षरूपी ...........रूपैयाँ मात्र**) को महसुल निर्धारण आदेश दिने ।
२. सम्बन्धित भन्सार कार्यालय र आन्तरिक राजस्व कार्यालयलाई थप महसुल निर्धारणको जानकारी पठाउने ।
३. पैठारीकर्ताले निर्णय पर्चाको नक्कल माग गरेमा नियमानुसार नक्कल दिने ।
४. यो निर्णयमा चित्त नबुझेमा ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सकिने व्यहोराको जानकारी दिने ।

**इति सम्वत् २०.... साल ........ महिना .......गते रोज ...... शुभम् ।**

**अनुसूची – ४**

**कार्यविधिको दफा १३(४) सँग सम्बन्धित**

**नेपाल सरकार**

**अर्थ मन्त्रालय भन्सार विभाग**

**.......................... कार्यालय महसुल निर्धारण आदेश**

मिति :.................

श्री ...........................................

१. पैठारीकर्ताको नाम ....................................................

२. पैठारीकर्ताको ठेगाना ................................................

३. स्थायी लेखा नम्बर ...............................

४. महसुल निर्धारण भएको Consignment .................................

तपाईले .................... भन्सार कार्यालयबाट प्रज्ञापन पत्र दर्ता नं. ........ मिति ............... बमोजिम जाँचपास गराई पैठारी गरी ल्याउनु भएको मालवस्तुका सम्बन्धमा यस भन्सार जाँचपास परीक्षण कार्यालयबाट गरीएको परीक्षणबाट देखिएको फरक सम्बन्धमा तपाईले पेश गर्नुभएको सबुद प्रमाण समेतको मूल्यांकनबाट भन्सार महसुल

................... स्थानिय विकास शुल्क.............., अन्तःशुल्क ............... तथा मूल्य अभिवृद्धि कर ............ समेत

जम्मा रु. .................... थप दाखिला गर्नुपर्ने देखिएकोले यो आदेश जारीगरीएको छ । उक्त रकम यो आदेश जारी भएको मितिले ३५ दिन भित्र सर्वसंचित कोष खाता नं. ................... मा दाखिला गर्नुहोला । अन्यथा कानून बमोजिम असुल उपर गरीने ब्यहोरा समेत जानकारी गरान्छ ।

महसुल निर्धारण गर्नुपर्नाका कारणहरु :

१. ..........................................

२............................................

३............................................

४.........................................

महसुल गणनाको विवरण

| सि.नं. | प्र.द.नं. | मिति | महसुल लाग्ने आधार मूल्य | महसुल | जरिवाना | अं.शु. | मू.अ.कर | जम्मा महसुल |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

भन्सार परीक्षक/भन्सार अधिकृत

आदेश बुझ्नेको नाम थर : पद : मिति

**अनूसूची — ५**

(कार्यविधिको दफा ९(१) सँग सम्बन्धित )

परीक्षणका लागि छानिएका पैठारीकर्ताहरूलाई दिने सूचनाको नमूना

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

................................**कार्यालय**

मितिः

**विषयः जाँचपास पछिको परीक्षणको लागि कागजात पेश गर्ने सम्बन्धमा ।**

**श्री**

**पान नं.:**

**ठेगाना :**

प्रस्तुत फर्मले तपशिलमा उल्लेखित विवरण सहितका प्रज्ञापन पत्र नं., मिति बाट पैठारी गरी ल्याएको मालवस्तुको सम्बन्धमा यस कार्यालयको मिति ......... को निर्णयबाट भन्सार जाँचपास पछिको परीक्षणको लागि छनौट भएकोले उक्त Consignment सँग सम्बन्धित निम्न अनुसारका कागजातहरूको प्रतिलिपी लिई यो पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र निवेदन सहित यस कार्यालयमा उपस्थित हुन अनुरोध छ । अन्यथा प्रचलित कानुन बमोजिम भैजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**Customs Office** **SAD_Reg. No.** **Date**

**आवश्यक कागजात**

१. प्रज्ञापनपत्र र महसुल बुझाएको रसिद,
२. Invoice,
३. Performa Invoice,
४. Packing List,
५. Bill of Lading/Airway bill,
६. Certificate of Origin,
७. एल.सी.को छायाँप्रति, भाडा, बीमा तथा अन्य खर्चको बील,
८. मन्जुरीनामा,
९. खरिद खाता र बिक्री खाता,
१०. मौज्दात खाता,
११. बिक्री बीजकहरू,
१२. स्थायी लेखा प्रमाणपत्र र
१३. पैठारी भएको मालवस्तुको विक्री मूल्य निर्धारणको लागि तयार गरेको Cost Sheet विवरण ।

..................

**भन्सार परीक्षक/ भन्सार अधिकृत**

**अनूसूची — ६**

(कार्यविधिको दफा ५(२) सँग सम्बन्धित )

मितिः–

**विषयः– प्रमाण कागजात पेश गरेको सम्बन्धमा ।**

श्री भन्सार परीक्षण प्रशासक ज्यू

भन्सार जाँचपास परीक्षण कार्यालय,

सुविधानगर,काठमाडौं ।

महोदय,

यस कार्यालयको च.नं..........प.सं............मिति................. का दिन मेरो फर्म.......................................... को नाममा जारी भएको जाँचपास पछिको परीक्षण सम्बन्धको पत्र/सूचना अनुसार भन्सार ऐन २०६४ को दफा ३४ बमोजिम मेरो फर्मको कारोबार जाँचपास पछिको परीक्षणका लागि छनौट भएकोले जाँचपास परीक्षण गर्नुपर्ने भएकोले भन्सार नियमावली, २०६४ को नियम २६ तथा जाँचपास पछिको परीक्षण कार्यविधि,२०६६ को खण्ड ६ मा भएको व्यवस्था बमोजिम माग भएका तपसिल बमोजिमका आवश्यक प्रमाण कागजात आजका मिति................. मा यस कार्यालयमा उपस्थित भई पेश गरेको छु ।

निवेदक

**तपसिल**

१.

२.

३.

४.

५.

उपरोक्त बमोजिम यस फर्मको तर्फबाट म...................................आधिकारिक प्रतिनिधि भएकोले मैले यस कार्यालयमा पेश गरेका माथि उल्लेखित भए बमोजिमका कागजातहरू ठीक साँचो हुन् । फरक परे कानून बमोजिम सहुँला बुझाउँला ।

प्रतिनिधिको

नाम सही

फर्म मितिः–

## अनूसूची– ७
## भन्सार ऐन तथा नियमावलिमा भएका जाँचपास पछिको परीक्षण सम्वन्धि व्यवस्थाहरु

### भन्सार ऐन २०६४ वाट उतार

दफा (२)झ परिभाषा

"जाँचपास पछिको परीक्षण" भन्नाले दफा ३४ बमोजिमको परीक्षण सम्झनु पर्छ ।

दफा (२)द

"भन्सार अधिकृत" भन्नाले प्रमुख भन्सार प्रशासक, प्रमुख भन्सार परीक्षण प्रशासक,प्रमुख भन्सार अधिकृत, प्रमुख भन्सार परीक्षक, भन्सार अधिकृत वा भन्सार परीक्षक सम्झनु पर्छ र सो शब्दले भन्सार कार्यालय वा छोटी भन्सार कार्यालयको प्रमुख र दफा ८४ बमोजिम अर्थ मन्त्रालयले तोकेको अधिकारी समेतलाई जनाउँछ ।

दफा (२)प१

"भन्सार जाँचपास परीक्षण कार्यालय" भन्नाले दफा ३४ वमोजिम जाँचपास पछिको परीक्षणको कार्य गर्नका लागि स्थापना गरीएको कार्यालयलाई सम्झनु पर्छ ।

दफा (४क) भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना:

(१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार भन्सार जाँचपास परीक्षण कार्यालय स्थापना गर्न सक्नेछ ।

(२) यो दफा प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको भन्सार जाँचपास परीक्षण कार्यालय यसै दफा बमोजिम स्थापना भएको मानिनेछ ।

दफा (३४). जाँचपासपछि परीक्षण गर्न सकिने:

(१) भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तु पैठारीकर्ताले घोषणा गरेबमोजिमको मालवस्तु हो वा होइन वा पैठारीकर्ताले गरेको घोषणा अनुरूप भए वा नभएको यकिन गर्न महानिर्देशक वा भन्सार अधिकृतले कुनै पैठारीकर्ताको मालवस्तु खरिद, पैठारी वा बिक्री सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैंक अभिलेख, कम्प्यूटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा पैठारीकर्ताले पैठारी गरेका मालवस्तु निजले घोषणा गरेकोभन्दा भिन्न मालवस्तु पाइएमा वा निजले गरेको घोषणा अनुरूप नभएको देखिएमा वा कारोवार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असूल भएको देखिएमा भन्सार अधिकृतले त्यसरी घटी भएको मूल्य वा परिमाणमा पैठारी हुँदाका बखत लाग्ने महसुल निजबाट तत्काल असूल गरी घटी कारोवार मूल्य वा परिमाण घोषणा गरेबापत निजलाई यस ऐनबमोजिम कारवाही गर्नेछ । तर घटी कारोवार मूल्य घोषणा गरेकोमा लाग्ने महसुलको शतप्रतिशत जरिवाना गर्नेछ ।

(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको वर्गीकरणको उपशीर्षक फरक परेको कारणले कम महसुल असूल भएको देखिएमा त्यस्तो कम महसुल रकम र सो बरावरको जरिवाना रकम सम्बन्धित कार्यालयले पैठारीकर्ताबाट तत्काल असूल गर्नेछ ।

(३क) महानिर्देशक वा भन्सार अधिकृतले यस दफा बमोजिम कारबाही गर्दा मालवस्तुको स्पष्ट घोषणा नभएको देखेमा प्रचलित कानून बमोजिम थप रकम असूल गर्न तथा सम्वन्धित व्यक्तिलाई झिकाउन, बयान गराउन, प्रमाण वुझ्न, लिखत पेश गर्न लगाउन, सूचना वा म्याद जारी गर्न सक्नेछ ।

(३ख) यस दफा बमोजिम परीक्षण गर्दा जारी गरीएको म्यादमा उपस्थित नहुने वा माग गरीए बमोजिम लिखत प्रमाण वा कागजात पेश नगर्ने पैठारीकर्तालाई महानिर्देशक वा भन्सार अधिकृतले दफा ५७

को उपदफा (१५क) बमोजिम जरिवाना गरी निजको निकासी पैठारी सम्बन्धी कारोवार रोक्का गरी उपलव्ध भएसम्मका लिखित प्रमाण वा कागजातका आधारमा परीक्षण गर्न सक्नेछ । तर यस उपदफा बमोजिम परीक्षण गरीसकेपछि सो पैठारीकर्ताका सम्वन्धमा पछि थप प्रमाण कागजात प्राप्त भएमा त्यस्ता प्रमाण कागजातका आधारमा यस दफा बमोजिम पुनः परीक्षण गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३ग) यस दफा बमोजिम महसुल निर्धारण गर्दा सम्बन्धित व्यक्तिलाई पन्ध्र दिनको म्याद दिई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(३घ) यस दफा बमोजिम निर्धारण भएको महसुल तथा जरिवाना वापतको रकम दाखिला गर्ने आदेश प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो आदेश प्राप्त गर्ने व्यक्तिले सोही आदेशमा तोकिएबमोजिमको रकम दाखिला गर्नु पर्नेछ । सो अवधिभित्र दाखिला नगरेमा त्यस्तो महसुल तथा जरिवाना दाखिला गर्ने आदेश भएको मितिदेखि वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत गणना गरी असूलउपर गरीनेछ ।

(३ङ.) उपदफा (३घ) बमोजिम तिर्नु बुझाउनु पर्ने रकम नवुझाउने पैठारीकर्ताको कारोवार तथा चल अचल सम्पत्ति रोक्का गरी भन्सार अधिकृत ले सोही सम्पत्तिबाट त्यस्तो रकम असूलउपर गर्नेछ

(३च) उपदफा (३ङ.) बमोजिम रकम असुल हुन नसकेमा त्यस्तो रकम सरकारी बाँकी सरह असूलउपर गरीनेछ ।

(३छ) महानिर्देशक वा भन्सार अधिकृतले यस दफाको प्रयोजनका लागि आवश्यक देखेमा बैंक, वित्तीय संस्था एवं पैठारीकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैंक खाता, नाफा नोक्सानको हिसाव, कर विवरण, बीजक र यस्तै अन्य कागजात माग गर्न सक्नेछ । यसरी माग गरीएका हिसाव, कर विवरण, विजक तथा कागजात उपलब्ध गराउनु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

(४) यस दफाबमोजिमको परीक्षण मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्न सकिनेछ ।

दफा ५३. भन्सार एजेन्ट मालवस्तुको धनी मानिनेः

कुनै मालवस्तुको धनीले सो मालवस्तु भन्सार कार्यालयबाट छुटाउनको लागि वा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिमको अन्य कार्य गर्नको लागि कुनै व्यक्तिलाई आˆनो भन्सार एजेन्ट नियुक्ति गरेमा त्यस्तो भन्सार एजेन्ट सो प्रयोजनको लागि सो मालवस्तुको धनी सरह मानिनेछ ।

दफा ५७ दण्ड सजाय

उपदफा (५) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तर सही भए पनि परिमाण घटी गरी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी परिमाण घटी घोषणा गरीएजति मालवस्तुको मूल्यको शतप्रतिशत जरिवाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(६) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर एवं परिमाण सही भएपनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुमा लाग्ने भन्सार महसुलको पच्चीस प्रतिशत रकम जरिवाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(७) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले निकासी हुने मालवस्तुको वास्तविक परिमाणभन्दा बढी परिमाण घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी बढी घोषणा गरीएजति मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना गरी सो व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्न सक्नेछ ।

(८) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर मध्ये सबै वा कुनै विवरण फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी त्यस्तो मालवस्तुको धनीलाई बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

(९) पैठारीकर्ता वा भन्सार एजेन्टले एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेमा वा कुनै मालवस्तु घोषणा नै नगरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुको मूल्य बरावर जरिवाना गरी सो मालवस्तु जफत गर्न वा निजबाट सो मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना र लाग्ने महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ।

(१०) कसैले भन्सार कार्यालयमा जालसाजी, किर्ते वा नक्कली कागजात पेश गरी महसुल वा राजस्वमा हानि नोक्सानी पऱ्याएमा वा पुऱ्याउन प्रयत्न गरेमा त्यसरी हानि नोक्सानी पुऱ्याएको वा पुऱ्याउने प्रयत्न गरेको महसुल वा राजस्व रकमको दुई सय प्रतिशत जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय भन्सार अधिकृतले गर्न सक्नेछ र सरकारी कागजात किर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारवाइ गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष पठाउनु पर्नेछ।

(१५क) दफा ३४ बमोजिम परीक्षण गर्ने प्रयोजनका लागि माग गरेका हिसाव, कर विवरण, विजक तथा कागजात तोकिएको समयमा उपलब्ध नगराउने पैठारीकर्तालाई महानिर्देशक वा भन्सार अधिकृतले पटकै पिच्छे दशहजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(१७) कसैले यस दफामा लेखिएकोदेखि बाहेक यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कार्य गरेमा भन्सार अधिकृतले निजलाई पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

दफा ७८. प्रतिलिपि दिन सकिने :

(१) भन्सार कार्यालयमा रहेको कुनै प्रमाणपत्र, बिल वा अन्य कागजातको प्रतिलिपि लिन चाहने सरोकारवाला व्यक्तिले तोकिएबमोजिमको दस्तुर संलग्न गरी निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गरी निवेदकलाई त्यस्तो बिल वा कागजातको प्रतिलिपि सम्बन्धित भन्सार अधिकृतले दिन सक्नेछ।

दफा ८२.सूचना जारी गर्ने तरीकाः

यस ऐन र यस अन्तर्गत बनेको नियममा छुट्टै व्यवस्था भएकोमाबाहेक भन्सार कार्यालयको काम कारवाही सँग सरोकार भएको वा हुनसक्ने व्यक्तिको नाममा सो कार्यालयले व्यक्तिगत वा सार्वजनिक सूचना जारी गर्दा पन्ध्र दिनको अवधि दिई तोकिएबमोजिम सूचना जारी गर्नु पर्नेछ ।

दफा ८६.अदालतलाई भए सरहको अधिकार हुनेः

यस ऐनको प्रयोजनका लागि भन्सार अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा प्रचलित कानूनबमोजिम शुरू अदालतलाई भएसरहको अधिकार हुनेछ।

# भन्सार नियमावलि २०६४ वाट उतार
## परिच्छेद – ५
## जाँचपास पछिको परीक्षणसम्बन्धी व्यवस्था

२६. **पैठारीकर्ताले कागजात सुरक्षित राख्नु पर्ने**: ऐनको दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षण गर्ने प्रयोजनका लागि पैठारीकर्ताले आफूले पैठारी गरेका मालवस्तुसँग सम्बन्धित देहाय बमोजिमका विवरण एवं कागजात तयार गरी त्यस्तो मालवस्तु जाँचपास भएका मितिले चार वर्षसम्म सुरक्षित राख्नु पर्नेछ:

(क) पैठारी प्रज्ञापनपत्र,महसुल तिरेको रसिद र खरिदखाता,

(ख) बिक्री बीजक तथा बिक्रीखाता,

(ग) परिमाणसमेत खुलेको मौज्दात विवरण,

(घ) मालवस्तुको पैठारी र बिक्रीसँग सम्बन्धित बैक अभिलेख,

(ङ.) वासलात तथा नाफा नोक्सान हिसाब र सोसँग सम्बन्धित अन्य विवरण,

(च) आफनो कारोवारको विवरण कम्प्युटर प्रणालीमा राखेको भए सो प्रणाली,

(छ) पैठारी, सञ्चय र बिक्रीसँग सम्बन्धित अन्य कागजात र विवरण ।

२७. **जाँचपास पछिको परीक्षणसम्बन्धी अन्य व्यवस्था** :

(१) ऐनको दफा ३४ को उपदफा (२) को प्रयोजनका लागि भन्सार कार्यालयमा पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको मूल्य यथार्थ हो वा होइन भन्ने कुरा निश्चित गर्नका लागि ऐनको दफा १३ मा उल्लेख भएबमोजिमका मूल्यांकनका सबै वा कुनै तरिका अवलम्वन गरी त्यस्तो मालवस्तुको मूल्य कायम गर्न सकिनेछ ।

(२) ऐनको दफा ३४ को उपदफा (२) को प्रयोजनका लागि भन्सार कार्यालयमा पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको परिमाण घटी घोषणा गरीएको हो वा होइन भन्ने यकिन गर्नका लागि पैठारीकर्ताको मौज्दातको भौतिक परीक्षण गर्न सकिनेछ ।

(३) पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा भन्सार कार्यालयमा घोषणा गरेको मूल्यको सत्यता परीक्षण गर्ने प्रयोजनका लागि निजले पैठारी गरी बिक्री गरेको मालवस्तुको खुद्रा तहसम्मको कारोवारको अभिलेख परीक्षण गर्न सकिनेछ ।

(४) जाँचपास पछिको परीक्षण गर्दा महानिर्देशक वा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई सम्भव भएसम्म सो परीक्षण गर्ने मिति र समय तोकी अग्रिम सूचना दिनु पर्नेछ ।

२८ **कागजात माग गर्न सक्ने:**

(१) जाँचपास पछिको परीक्षण गर्ने महानिर्देशक वा भन्सार अधिकृतले सो प्रयोजनका लागि आवश्यक देखेमा बैङ्क, वित्तीय संस्था एवं पैठारीकर्ताको कारोवारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित पैठारीकर्ता, निजको कारोवार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाव, कर विवरण, बीजक र यस्तै अन्य आवश्यक कागजात पन्ध्र दिनको म्याद दिई माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरेको कागजात उपलब्ध गराउनु सम्बन्धित बैक वा वित्तीय संस्था वा अन्य निकायको कर्तव्य हुनेछ ।

५२. **म्याद जारी गर्ने कार्यविधिः**

(१) ऐन अन्तर्गतको कसूरको सिलसिलामा भन्सार अधिकृत वा निजले अधिकार प्रदान गरेको भन्सार कार्यालयको अन्य अधिकृतले सम्बन्धित व्यक्तिका नाममा ऐनको दफा ८१ को उपदफा (१) बमोजिम शुरू म्याद जारी गर्दा बाटोको म्यादबाहेक पन्ध्र दिनको अवधि तोकी अनुसूची-१० बमोजिमको ढाँचामा जारी गर्नुपर्नेछ । (२) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्दा सम्बन्धित व्यक्ति वा निजका एकाघर परिवारका उमेर पुगेका कुनै सदस्यलाई बुझाई तामेल गर्नु पर्नेछ । सम्बन्धित व्यक्ति वा निजको एकाघर परिवारको उमेर पुगेको कुनै सदस्य फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही व्यहोरा जनाई स्थानीय दुईजना व्यक्तिलाई रोहवरमा राखी सम्बन्धित व्यक्तिको घर वा डेराको ढोकामा म्याद टाँस गरीदिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्न जाने कर्मचारीले सम्बन्धित व्यक्तिको घर डेरा पत्ता नलागेमा सोही व्यहोरा जनाई सम्बन्धित स्थानीय निकायको कुनै सदस्य वा प्रतिनिधि वा कुनै दुईजना स्थानीय व्यक्तिलाई रोहवरमा राखी त्यस्तो म्याद गाउँ विकास समितिको हकमा सम्बन्धित गाउँ विकास समितिको कार्यालयमा र नगरपालिकाको हकमा सम्बन्धित व्यक्तिको घर वा डेरा भएको वडाको वडा कार्यालयमा र त्यस्तो वडा कार्यालय नभएको अवस्थामा सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र सोबमोजिम म्याद टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(४) कुनै फर्म, कम्पनी वा सँगठित संस्थाको नाममा जारी भएको म्याद तामेल गर्दा त्यतो फर्म, कम्पनी वा सँगठित संस्थाको सञ्चालक वा व्यवस्थापक वा त्यस्तो संस्थाको प्रमुख व्यक्ति वा त्यस्तो सँगठित संस्थाको अधिकारप्राप्त अधिकारीलाई म्याद बुझाइदिनु पर्नेछ । त्यस्तोव्यक्ति फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही व्यहोरा जनाई स्थानीय दुईजना व्यक्तिलाई रोहवरमा राखी त्यस्तो सँगठित संस्थाको कार्यालयको ढोकामा म्याद टाँस गरीदिनु पर्नेछ र यसरी टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको नाममा जारी भएको म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगानामा हुलाकमार्फत रजिष्टि« गरी पठाएमा वा त्यस्तो व्यक्तिको टेलीˆयाक्समा वा विद्युतीय ठेगानामा पठाएमा त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(६) उपनियम (२), (३) वा (४) बमोजिम म्याद तामेल गर्न जाने कर्मचारीले बाटोको म्यादबाहेक तीन दिनभित्र म्याद तामेल गर्नु पर्नेछ ।

(७) उपनियम (२), (३),(४) वा (५) बमोजिम म्याद तामेल हुन नसकेको प्रतिवेदन पर्न आएमा सो म्याद रेडियो, टेलीभिजन, विभाग वा सम्बन्धित भन्सार कार्यालयको वेवसाइट जस्ता विद्युतीय सञ्चार माध्यममा प्रशारण वा प्रकाशन वा राष्टियस्तरको कुनै दैनिक पत्रपत्रिकामा प्रकाशन गरेर म्याद तामेल गर्न सकिनेछ । त्यसरी सूचना प्रशारण वा प्रकाशन भएको अवस्थामा त्यस्तो सूचना प्रकाशन भएका मितिले पाँचौं दिनपछि सम्बन्धित व्यक्तिको नाममा यस नियमावलीबमोजिम रीतपूर्वक म्याद तामेल भएको मानिनेछ ।

(८) उपनियम (७) बमोजिम म्याद तामेल गर्दा लागेको खर्च भन्सार कार्यालयले सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरी लिनेछ ।

५९ **सरोकारवाला व्यक्तिलाई कागजातको प्रतिलिपि दिने सम्बन्धी कार्यविधिः**

(१) भन्सार कार्यालयमा भएका कुनै कागजातको सरोकारवाला व्यक्तिले भन्सार अधिकृतसमक्ष निवेदन दिई प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा आफूले माग गरेको कागजातको स्पष्ट पहिचान हुने विवरण र सो कागजात कुन प्रयोजनका लागि आवश्यक परेको हो र आफू कसरी सरोकारवाला व्यक्ति हो भन्ने आधारसमेत निवेदकले खुलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त हुन आएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी निवेदनको व्यहोरा मनासिव देखेमा निवेदन आफूसमक्ष प्राप्त भएको तीन दिनभित्र त्यस्तो कागजातको

प्रतिलिपि तयार गर्न लगाई उपनियम (४) बमोजिम दस्तुर लिई निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम कागजातको प्रतिलिपि दिंदा एक पृष्ठको पाँच रूपैया दस्तुर लाग्नेछ । यस्तो रकम भन्सार अधिकृतले सम्बन्धित व्यक्तिबाट असुल गरी राजस्व खातामा आम्दानी बाँध्न वा सो रकम बरावरको हुलाक टिकट टांस्न लगाई सोमा भन्सार कार्यालयको छाप लगाइदिन सक्नेछ ।

(५) उपनियम(४) बमोजिम दस्तुर लिंदा नगद असुल गरी आम्दानी बाँधेको वा टिकट रद्द गरेको व्यहोरा निवेदकलाई उपलब्ध गराउने कागजातमा उल्लेख गर्नु पर्नेछ ।

## अनूसूची– ८
## भन्सार जाँचपास पछिको कार्यालय स्थापना गर्दाको नेपाल राजपत्र